**नेपाली / *NEPALI***

**लाई**: *UW-Madison* समुदाय
**बाट**: कुलपति Blank
**विषय**: *UW-Madison* ले दुई हप्ताको अन्लाईन प्रशिक्षण, दुई आवास हलहरूमा क्वारेन्टाइन लागू गर्न
**मिति**: सेप्टेम्बर ९, २०२०

आदरणीय *UW-Madison* समुदाय,

*UW-Madison* ले यस शरद ऋतुको सेमेस्टरमा व्यक्तिगत-रूपमा केही सुविधा प्रदान गर्दा हाम्रा विद्यार्थी, संकाय, र कर्मचारीको स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिन असाधारण कदम चालेको छ। हामीले *COVID-19* परीक्षण गर्ने, अलग्ग राख्ने र व्यवस्था गर्ने विधि विकास गर्न जनस्वास्थ्य विशेषज्ञहरूसँग पार्टनर बन्यौं।

गएका दुई हप्ताहरूमा परीक्षणका पोजिटिभ नतिजाहरूको सङ्ख्या बढेकोले हामीले अझै धेरै थप कार्यहरू सुरु गर्‍यौं। सोमवार, हामीले *undergraduates* विद्यार्थीहरूलाई आवश्यक क्रियाकलापमा मात्र सीमित गर्‍यौं। हामीले धेरै *fraternity* र *sorority* घरहरूमा बस्ने विद्यार्थीहरूको क्वारेन्टाइन समर्थन गर्न जनस्वास्थ्य अधिकारीहरूसँग मिलेर काम गर्‍यौं र हामीले सबै *fraternity* र *sorority* अध्यायहरूका आवासी सदस्यहरूका लागि परीक्षण अनिवार्य गर्‍यौं।

दुर्भाग्यवश, विद्यार्थीहरू बीचमा परिक्षणको पोजिटिभ दर धेरै छिटो बढीरहेको छ। गएका दुई दिनमा यो दर २० प्रतिशत वा सोभन्दा बढी भएको छ। हामीले अघिल्लो हप्ताको अन्त्यमा देख्यौं कि यी सङ्ख्याले क्याम्पस बाहिरका विद्यार्थीहरूमा सङ्क्रमणको तीव्र वृद्धिलाई देखाउँदछ, तर भर्खरैको सङ्ख्याले केही निश्चित आवास हलहरूमा पनि तीव्र वृद्धि देखाउँदछ। हामीले यस सङ्क्रमणलाई थप महत्त्वपूर्ण कार्य बिना नियन्त्रण गर्न सक्दैनौं। *UW* प्रणाली प्रशासन, *Public Health Madison & Dane County* र गभर्नर *Evers* सँगको परामर्शमा, हामीले यी निर्णय लिईरहेका छौं:

- **सबै व्यक्तिगत-रूपको *undergraduate, graduate* र व्यावसायी स्कूल समूहको निर्देशन सेप्टेम्बर १० - २५ सम्म रोकिनेछ।** यी कक्षाहरू बिहीवार, सेप्टेम्बर १० - शनिवार, सेप्टेम्बर १२ सम्म रद्द गरिनेछ र सोमबार, सेप्टेम्बर १४ देखि कम्तिमा दुई हप्ताको लागि अन्लाईन सुरु हुनेछन्। क्लिनिकल प्रशिक्षण जारी राख्न अनुमति दिइनेछ। हाल अन्लाईन कक्षा र वर्गहरू तालिकाबद्ध रूपमा जारी रहनेछन्। हाम्रो *contact tracing* ले व्यक्तिगत-रूपको निर्देशनबाट सङ्क्रमणको कुनै प्रमाण प्रकट गरेको छैन; त्यही पनि यो निर्णय हाम्रा विद्यार्थी र कर्मचारीहरूका लागि पर्याप्त सावधानीबाट निस्कन्छ। *Provost* को कार्यालयले अन्लाईन शिक्षामा यस तीव्र संक्रमणको लागि संकाय र प्रशिक्षक कर्मचारीहरूलाई आवश्यक परेको खण्डमा सहयोग प्रदान गर्नेछ।

- *Undergraduate* विद्यार्थीहरूका अनुसन्धान अनुभवहरू जुन अन्लाईनबाट पूरा गर्न सकिन्छ सेप्टेम्बर १० देखि सुरू गरेर सेप्टेम्बर २५ सम्म त्यसै गरी गरिनु पर्नेछ। क्याम्पसमा र बाहिर, आमने सामने मानव विषय अनुसन्धान अन्तर्क्रियामा भाग लिने *undergraduate* विद्यार्थीहरूको निलम्बन सेप्टेम्बर २५ सम्म प्रभावमा रहनेछ। *Graduate* र *post-doctoral* अनुसन्धान गतिविधिहरू जारी राख्न अनुमति दिइनेछ।

- *Sellery* र *Witte* आवास हलहरूको परीक्षणको उच्च पोजिटिभ नतिजाको सङ्ख्यालाई ध्यानमा राख्दै, हामीले यी भवनहरूमा भएका सबै बासिन्दाहरूलाई आगामी दुई हप्ताको लागि आज राती ९ बजे दे खि सुरु हुने गरी क्वारेन्टाइन गर्न निर्देशन दिएका छौं। यस हप्ता परीक्षण गरी नसकेका यी हलहरूका सबै आवासीहरूले बिहीवार र शुक्रवार परीक्षण गर्न आवश्यक छ। *University Health Services (UHS)* यी परीक्षणहरू हलहरूमै गर्नेछन्।

- विद्यार्थीहरूलाई आवास हलहरूबाट सर्न वा शहर छोड्न आग्रह गरिएको छैन। आवश्यक भएमा हामीसँग पर्याप्त थप क्वारेन्टाइन गर्ने ठाउँहरू उपलब्ध छन्।

- क्याम्पसमा परीक्षणको लागि समयहरू उपलब्ध छन्; परीक्षण क्षमता अझै बढाउन हामी काम गर्दैछौं।

थप रूपमा, हाम्रो क्याम्पसको परिचालनमा सेप्टेम्बेर १० - २५ सम्म प्रभावकारी हुने गरी, यी कुराहरू बदलिनेछन्:

- सबै व्यक्तिगत अध्ययन ठाउँहरू, विश्वविद्यालय पुस्तकालयहरू, *Wisconsin Union* र शैक्षिक भवनहरूमा बन्द हुनेछन्।

- भोजन सेवाहरू हाउजिङ्ग आवासी र कर्मचारीहरूको *carry-out* को लागि मात्र बन्नेछन्। *Wisconsin Union* ले *curbside* खाना लिने मात्र प्रदान गर्नेछ।

- *University Recreation* र *Wellbeing* परिसरहरू बन्द हुनेछन्।

- *University Health Services* केवल अर्जेन्ट केयर आवश्यकताहरूको लागि समय मिलाएर मात्र खुला हुनेछ। *Telehealth* र *telemedicine* भेटहरू उपलब्ध छन्।

- विश्वविद्यालयको अनुसन्धान अभियानलाई समर्थन गर्दै,विश्वविद्यालय पुस्तकालयहरू गर्मी महिनाहरूको परिचालनमा फर्कनेछन्।

- व्यक्तिगत-रूपको सामाजिक जमघटहरू, जसमा १० भन्दा बढी व्यक्तिको सबै सामाजिक कार्यक्रमहरू र कार्य भेलाहरू समावेश छन्, रद्द गरिएको छ। अत्यावश्यक उद्देश्यहरूको लागि कर्मचारीहरू १० वा कम समूहहरूमा भेट्न सक्नेछन्। जब सम्भव हुन्छ, कामका बैठकहरू फोन वा भिडियो मार्फत अन्लाईनबाट सञ्चालन गर्न जारी राख्नुपर्दछ।

क्याम्पसका अत्यावश्यक परिचालनहरू जारी रहनेछन्, जसरी यो महामारी भर रहेका छन्। अन्लाईनबाट काम गर्ने कर्मचारीहरूले त्यसो गर्न जारी राख्नुपर्नेछ। क्याम्पसमा गैर-आवश्यक कार्यहरूमा फर्किएका कर्मचारीहरूसँग सुपरभाईजरहरू लचिलो हुनुपर्दछ।

म क्याम्पसमा काम गर्न जारी राख्ने र हाम्रो क्याम्पस चालु राख्ने कर्मचारीहरू प्रति आभारी छु। यस समयमा *Madison Metro* बसको तालिका वा क्याम्पस पार्किङ्गको परिचालनमा कुनै कुरा बदलिने छैन। परिसर पहुँच र मेल र प्याकेज वितरण समान रहनेछन्। यस समयमा बाल हेरचाह केन्द्रहरू खुला रहनेछन्।

यी उपायहरूले *COVID-19* को सङ्क्रमणलाई कम गर्न दुई हप्ता सम्म व्यक्तिगत-रूपको निर्देशनलाई रोक्न धेरै अन्य विश्वविद्यालयहरूले बनाएका उदाहरण पालना गर्दछन्। अवस्थाको मूल्याङ्कन गर्ने र बाँकी सेमेस्टरको बारेमा अझै जानकारी साझा गर्ने क्रममा हामी *UW* प्रणाली र हाम्रो हाम्रो *Board of Regents* सँग परामर्श गर्न जारी राख्नेछौं। हामी हाम्रो विकास हुँदै गएका योजनाहरू छिटो र पारदर्शी रूपमा सकेसम्म सञ्चार गर्न प्रतिबद्ध छौं।

*CDC* को मार्गदर्शनले सुझाव दिन्छ कि विद्यार्थीहरूले यो दुई हप्ताको अवधिमा घर जानु हुँदैन। यो तपाईं, तपाईंको परिवार र समुदायलाई बचाउनको लागि हो। यदि तपाईं आफू बसेको ठाउँमा रहन सक्नुहुन्छ भने त्यो नै सुरक्षित मार्ग हो। यदि तपाईं यात्रा गर्न छनौट गर्नुहुन्छ भने, कृपया *University Health Services* यी निर्देशनहरू पालना गर्नुहोस्।

जसले मी शैक्षिक वर्षको पहिलो केहि हप्ताहरू सँगै मज्जाले बिताउन सकौं सोची आशा गरेका विद्यार्थी र कर्मचारीहरूका निराशा मैले बुझ्दछु। हामीले यो सेमेस्टर सुरु गर्नु अघि, हामीलाई थाहा थियो कि हालको वातावरणमा कुनै योजना जोखिम-मुक्त हुँदैन।

तपाईंहरू जो हाम्रो क्याम्पस-व्यापी स्वास्थ्य प्रोटोकलहरू पालना गर्दै हुनुहुन्छ, हाम्रो *UW-Madison* समुदायको सुरक्षा गर्नुभएको म तपाईंलाई तपाईंको जागरूकता र समर्पणको लागि धन्यवाद दिन्छु। कृपया *COVID-19* सङ्क्रमण रोक्नको लागि कदमहरू चाल्न जारी राख्नुहोला: तपाईंका लक्षणहरू दैनिक निगरानी गर्नुहोस्, अनुहार ढाक्ने चीजहरू लगाउनुहोस्, भौतिक दूरी कायम राख्नुहोस्, र जमघटहरू सीमित गर्नुहोस्। तपाईंहरू मध्ये जसलेस अहिले सम्म यी प्रोटोकलहरूलाई गम्भीरताकासाथ लिनुभएको छैन, म तपाईंलाई आग्रह गर्दछु कि तपाईंका कार्यहरूको नतीजालाई विचार गर्नुहोस्। तपाईंको व्यवहार महत्त्वपूर्ण छ, र हामीले हालसालै पोजिटिभ केसहरूको वृद्धि देखिरहेको अनुसार, यसले तपाईंको नजिकको मान्छेहरू भन्दा अरूलाई पनि बढी प्रभाव पार्ने सम्भावना छ।

हामी तपाईंको सुरक्षा र भलाईको ख्याल राख्छौं। कृपया यस समयमा आफ्नो र अरूको ख्याल राख्नुहोला। तपाईंसँग प्रश्नहरू भएमा, smartrestart@vc.wisc.edu मा ईमेल पठाउनुहोस्।

कुलपति Rebecca Blank